# आठबीस नगरपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्याः१ मितिः२०८२।०४।१६

## भाग-१

**आठबीस नगरपालिका, नगर कार्यपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

### आठबीस नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** आठबीस नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नका निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम आठबीस नगरसभाबाट स्वीकृत गरि यो ऐन लागू गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** १) यस ऐनको नाम “आर्थिक ऐन, २०८२” रहेको छ।

२) यो ऐन २०८२ श्रावण १ गते देखि आठबीस नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्ति कर तथा भूमिकरः** नगरपालिकाको आफ्नो क्षेत्राधिकार भित्र देहाय बमोजिम सम्पत्ति कर र भूमीकर लगाइने छ।

१) नगरपालिका क्षेत्रभित्र बनेका घर र सो घरले चर्चेको जग्गाको क्षेत्रफलमा सम्पत्ति कर लगाइनेछ।

२) यस दफाको प्रयोजनका लागि घर भन्नाले घर, गोदाम, हल, टहरा, सेड र यस्तै प्रकृतिका अन्य संरचनालाई सम्झनु पर्दछ।

३) उपदफा (१) बमोजिम सम्पत्ति कर लगाउन भनि तोकिएका जग्गा बाहेकका अन्य जग्गामा भूमीकर लगाइने छ।

४) आ.व. २०८२/०८३ का लागि सम्पत्ति कर प्रयोजनका लागि संरचनाको न्यूनत्तम मुल्याँङ्कन दर अनुसूची (१) बमोजिम हुनेछ ।

५) उपदफा ४ बमोजिम घर र जग्गाको मूल्याँङ्कन रकममा लाग्ने सम्पत्ति कर र भूमि कर अनूसुचि-२ बमोजिम हुनेछ।

६) सम्पत्ति कर तथा भूमीकर सम्बन्धी थप व्यवस्था कार्यविधि अनुसार गरिनेछ।

**३. घर/जग्गा वहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संघ संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी वा यस्तै प्रकृतिका अन्य संरचना पुरै वा आंशिक तवरले वहालमा दिएकोमा वहाल रकममा अनुसूची-३ बमोजिम घर/जग्गा वहाल कर लगाईने छ।

**४. व्यवसाय कर:** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची -४ बमोजिम व्यवसाय कर लगाइने छ।

**५. जडिबुटी, जीवजन्तु र कवाडी कर:** (१) नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुमा जडिबुटी तथा जीवजन्तु कर लगाइने छ।

(२) नगरपालिका क्षेत्रभित्र उत्पादन वा संकलन भएका पुनः प्रयोग हुन सक्ने मालबस्तु र प्रशोधन पश्चात मात्र पुनः प्रयोग हुनसक्ने मालवस्तुमा कवाडी तथा निकासी कर लगाइने छ।

(३) नगरपालिका क्षेत्र भित्र उत्पादन भएका अन्नबाली, घरयासी उत्पादनमा नगरपालिका बाहिर निकासीका बखत निकासी कर लगाइने छ।

(४) उपदफा १, २ र ३ बमोजिम लगाइने कर अनूसुचि -५ बमोजिम हुनेछ।

**६. सवारी साधन कर:** नगरपालिकामा दर्ता भएका टाँगा, रिक्सा र विद्युतीय रिक्सा वा यस्तै प्रकृतिका अन्य सवारी साधनमा अनुसूची -६ बमोजिम सवारी साधन कर लगाइने छ।

**७. विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र विज्ञापन तथा प्रचार प्रसारका लागि जडान भएका होडिङ्ग वोर्ड, ग्लो साइनवोर्ड, भित्तेलेखन ,स्टल र व्यानरमा अनुसूची -७ बमोजिमको दरमा विज्ञापन कर लगाइनेछ।

**८. मनोरञ्जन कर:** नगरपालिका क्षेत्र भित्र संचालित सिनेमा हल, नाटक घर, साँङ्गितिक प्रर्दशन हल, मनोरञ्जन स्थल, प्रर्दशन स्थल जादु सर्कस वा यस्तैप्रकृतिका अन्य मनोरञ्जन व्यवसायमा प्रदेश कानूनले तोके बमोजिम कर उठाइनेछ।

**९. वहाल बिटौरी शुल्क:** नगरपालिका क्षेत्रभित्र देहाय बमोजिम बहाल बिटौरी शूल्क लगाइनेछ।

१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण रेखदेख गरेको भवन, हाटबजार, पसल वा सरकारी/सार्वजनिक जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क अनुसूची -८ बमोजिम लगाइनेछ।

**१०. पार्किङ शुल्क:** नगरपालिका क्षेत्रभित्र पार्किङ्ग स्थल तोकी सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची -९ बमोजिम पार्किङ्ग शूल्क लगाइनेछ।

**११. ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइङ्ग, बन्जीजम्प, स्वीङ्ग, जिप फ्लायर र र्‍याफ्टिङ्ग शुल्क:** नगपालिकाको आफ्नो क्षेत्रभित्र कायाकिङ्ग, क्यानोइङ, बन्जीजम्प, **स्वीङ्ग**, जिप फ्लायर र र्‍याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची -१० बमोजिम शुल्क लगाइने छ।

**१२. धार्मिक पर्यटन स्थल दर्ता र अनुमति शुल्क तथा दस्तुर:** नगरपालिका भित्र निर्माण, संचालन वा व्यवस्थापन भएका मठ मन्दिर, चर्च, गुम्बा, मस्जिद् लगायतका धार्मिक, पर्यटकीय र ऐतिहासिक क्षेत्रमा अनुसूची-११ बमोजिम धार्मिक पर्यटन स्थल दर्ता र अनुमति शुल्क तथा दस्तुर लगाइनेछ।

**१३. सेवा शुल्क तथा दस्तुर:** कार्यालयले सेवाग्राहीलाई सेवा उपलव्ध गराए वापत अनुसूची-१२ बमोजिम सेवा शुल्क तथा दस्तुर लिइनेछ।

१४. **<u>प्राकृतिक श्रोत उत्खनन् तथा निकासी करः</u>** नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, मिस्कट) र निजी जग्गाबाट निकासी बिक्री गरिने प्राकृतिक श्रोतजन्य मालवस्तुमा अनुसूची -१३ बमोजिम कर्णाली प्रदेश आर्थिक ऐन बमोजिमको दर कायम गरिनेछ।

१५. **<u>सम्पत्ति भाडामा लगाउन सकिनेः</u>** नगरपालिकाले आफ्नो स्वामित्वमा रहेका सम्पत्ति तथा मेशिनरी उपकरणमा अनुसूची -१४ बमोजिमको भाडा दर कायम गरिएको छ।

१६. **<u>कर छुट दिन सकिनेः</u>** यस ऐन बमोजिम सम्पत्ति तथा अन्य कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई देहाय बमोजिम कर छुट दिन सकिनेछ।

१) आ.व. २०८१/०८२ सम्म बुझाउनु पर्ने भूमिकर, व्यवसाय कर, सवारी साधन कर, वहाल बिटौरी कर २०८२ पौष मसान्तभित्र बुझाएमा एक पटकका लागि जरिवाना छुट गरिनेछ।

१७. **<u>दण्ड जरिवानाः</u>** नगरपालिकालाई मासिक वा वार्षिक रुपमा बुझाउनु पर्ने कर समयभित्र नबुझाएमा वा ऐन/नियम विपरीत नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा, मिस्कट) निजी जग्गाको ढुंगा, माटो, मिस्कट अवैध रुपमा निकासी, विक्री लगायत नगरपालिकाले निषेध गरेका क्रियाकलाप गरेको पाइएमा अनुसूचि -१५ बमोजिमको दरमा दण्ड जरिवाना तथा समय भित्र दाखिला नगरेमा विलम्व शुल्क समेत असुल गरिनेछ।

१८. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा उल्लेख गरिएका विषयहरुमा बाहेक अन्य विषयमा स्थानीय सरकार संचालन ऐन तथा प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछ। साथै यस ऐनमा भएका प्रावधानहरु संघीय कानून र प्रदेश कानून सँग बाझिएमा प्रचलित कानून बमोजिम हुनेछ।

१९. **<u>कर तथा शुल्क सङ्कलन सम्बन्धि कार्यविधिः</u>** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शूल्क संकलन सम्बन्धि कार्यविधि नगर कार्यपालिकाले बनाउन सक्नेछ।

२०. **<u>बाधा अड्काउ फुकाउः</u>** यस आर्थिक ऐन कार्यान्वयनमा कुनै बाधा अड्काउ परे नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ। र उक्त निर्णयलाई नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ।

## अनुसूची -१
(ऐनको दफा २ को उपदफा (४) संग सम्बन्धित)

### संरचनाको मुल्याँकन दररेट

| संरचनाको किसिम | आर.सि.सि. फ्रेम स्ट्रक्चर | इटा वा ढुङ्गाको जोडाइमा सिमेन्टको गारो र आर सि सि छाना | इटा वा ढुङ्गाको जोडाइमा सिमेन्टको गारो जस्ता/टायल/पत्थरको छाना | इटा वा ढुङ्गाको जोडाइमा माटोको गारो जस्ता/टायल/पत्थरको छाना | माटोको जोडाइमा इटा वा ढुङ्गाको गारो माटो र प्लाष्टिकको छाना | सेड वा कच्चि घर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| व्यापारिक क्षेत्र | अ.भ.२११७५ अ.नभ. १८७५५ | १३१५० | १२९१५ | १०१२० | ९००० | | प्रति वर्ग मिटर |
| सस्थागत क्षेत्र | १५२७५ | १०००० | ८२५० | ५०२५ | २२५० | | |
| आवासीय क्षेत्र | अ.भ.१८२७५ अ.नभ. १५२७५ | ११२५० | १०००० | ९२५० | ६५०० | | |
| कृषि क्षेत्र | १५२७५ | १०००० | ८२५० | ५०२५ | २२५० | | |
| वन तथा बगर क्षेत्र | १२००० | ८२५० | ६३५० | ३२२० | २२५० | | |

(नोटः अ.भ.भनेको नक्सापास/अभिलेखिकरण भएको अ.नभ. भनेको नक्सापास/अभिलेखिकरण नभएको)

## अनुसूची-२

(ऐनको दफा २ को उपदफा (५) सँग सम्बन्धित

### सम्पत्ति करको दर

| सम्पत्तिको मुल्य | वार्षिक कर | जग्गाको मुल्य | वार्षिक कर |
|---|---|---|---|
| रु ५ लाख रुपैया सम्मको मुल्याँङ्कनमा | एकमुष्ठ रु ५० | रु ५ लाख रुपैया सम्मको मुल्याँङ्कनमा | एकमुष्ठ रु ५० |
| रु ५ लाख भन्दा बढी २० लाख रुपैया सम्मको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०१ | रु ५ लाख भन्दा बढी २० लाख रुपैया सम्मको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०१ |
| रु २० लाख भन्दा बढी ५० लाख रुपैया सम्मको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०१५ | रु २० लाख भन्दा बढी ५० लाख रुपैया सम्मको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०१५ |
| रु ५० लाख भन्दा बढी १ करोड रुपैया सम्मको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०२ | रु ५० लाख भन्दा बढी १ करोड रुपैया सम्मको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०२ |
| रु १ करोड भन्दा बढीको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०२ | रु १ करोड भन्दा बढीको मुल्याँङ्कनमा | प्रतिसय रु. ०.०२ |

### भूमी कर (मालपोत)

| क्र.स. | विवरण | अव्वल | दोयम | सीम | चाहार |
|---|---|---|---|---|---|
| १. | खेत (प्रति रोपनी) | २०/- | १५/- | १०/- | ५/- |
| २. | पाखो/वारी (प्रति रोपनी) | १५/- | १०/- | ५/- | ५/- |

## अनुसूची-३

(दफा ३ सँग सम्बन्धित)

**घर÷जग्गा बहाल कर**

| १. | **घर/जग्गा बहाल कर** | | |
|---|---|---|---|
| क्र. स. | विवरण | करको दर | कैफियत |
| १.१ | घर भाडा वापत घरधनीले पाउने बहाल रकमको | १० प्रतिशत | |
| १.२ | अन्य बहाल कर (भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी भाडामा लगाए वापत पाउने बहाल रकमको]) | १० प्रतिशत | |

**अनुसूची-४**

(दफा ४ सँग सम्बन्धित)

व्यवसाय कर

| क्र.स. | विवरण | दर्ता शुल्क, चालु आ.व.को दर | प्रस्तावित दर | वार्षिक नवीकरण शुल्क, चालु आ.व.को दर | प्रस्तावित दर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | **उपभोग्य सामाग्री (खुद्रा,किराना पसल)** | | | | | |
| १.१ | रु. एक लाख सम्म पूँजी लगानी | ५०० | ५०० | १०० | १०० | |
| १.२ | रु. दुई लाख सम्म पूँजी लगानी | ८०० | ८०० | २०० | २०० | |
| १.३ | रु. पाँच लाख सम्म पूँजी लगानी | १००० | १००० | ३०० | ३०० | |
| १.४ | रु. दश लाख सम्म पूँजी लगानी | १५०० | १५०० | ५०० | ५०० | |
| २ | **तरकारी तथा फलफुल पसल** | | | | | |
| २.१ | रु. एक लाख सम्म पूँजी लगानी | ५०० | ५०० | १०० | १०० | |
| २.२ | रु. दुई लाख सम्म पूँजी लगानी | ८०० | ८०० | २०० | २०० | |
| २.३ | रु. पांच लाख सम्म पूँजी लगानी | १००० | १००० | ३०० | ३०० | |
| २.४ | रु. दश लाख सम्म पूँजी लगानी | १५०० | १५०० | ५०० | ५०० | |
| ३ | **अण्डा तथा माछा मासु जन्य व्यवसाय** | | | | | |
| ३.१ | अण्डा, मासु र माछा पसल खुद्रा | २,००० | २,००० | २०० | २०० | |
| ३.२ | अण्डा,फ्रेस हाउस, मासु पसल थोक विक्रेता | ५००० | ५००० | १००० | १००० | |
| ४ | **भाडा पसल व्यवसाय** | | | | | |
| ४.१ | रु. एक लाख सम्म पूँजी लगानी | ५०० | ५०० | १०० | १०० | |
| ४.२ | रु. दुई लाख सम्म पूँजी लगानी | १००० | १००० | २०० | २०० | |
| ४.३ | रु. पांच लाख सम्म पूँजी लगानी | १५०० | १५०० | ३०० | ३०० | |
| ४.४ | रु. दश लाख सम्म पूँजी लगानी | २००० | २००० | ५०० | ५०० | |
| ४.५ | रु. दश लाख भन्दा बढी पूँजी लगानी | - | | १००० | १००० | |
| ५ | **हार्डवेयर, रङ्गरोगन, विद्युतीय सामाग्री तथा फर्निचर व्यवसाय** | | | | | |
| ५.१ | रु. एक लाख सम्म पूँजी लगानी | १००० | १००० | २०० | २०० | |
| ५.२ | रु. दुई लाख सम्म पूँजी लगानी | १५०० | १५०० | ४०० | ४०० | |
| ५.३ | रु. पांच लाख सम्म पूँजी लगानी | २००० | २००० | ६०० | ६०० | |
| ५.४ | रु. दश लाख सम्म पूँजी लगानी | ३००० | ३००० | १००० | १००० | |
| ५.५ | रु. दश लाख भन्दा बढी पूँजी लगानी | - | | २००० | २००० | |
| ६ | **कपडा फेन्सी पसल** | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.१ | रु. एक लाख सम्म पूँजी लगा८७नी | ५०० | ५०० | १०० | १०० | |
| ६.२ | रु. दुई लाख सम्म पूँजी लगानी | ८०० | ८०० | २०० | २०० | |
| ६.३ | रु. पांच लाख सम्म पूँजी लगानी | १००० | १००० | ३०० | ३०० | |
| ६.४ | रु. दश लाख सम्म पूँजी लगानी | १५०० | १५०० | ५०० | ५०० | |
| ६.५ | रु. दश लाख भन्दा बढी पूँजी लगानी | – | - | १००० | १००० | |
| **७** | **आर्ट व्यवसाय, फोटो स्टुडियो, गिफ्ट पसल, स्टेशनरी, पुस्तक पसल** | | | | | |
| ७.१ | रु १० लाख सम्म पूजि लगानी | १००० | १००० | ५०० | ५०० | |
| ७.२ | रु १०लाख भन्दा माथि पूजी लगानी | – | – | १००० | १००० | |
| **८** | **वर्कशप** | | | | | |
| ८.१ | मोटरसाइकल वर्कसप, टायर ट्युव मर्मत | २००० | २००० | ५०० | ५०० | |
| ८.२ | अन्य चारपाङ्ग्रे समेतको वर्कसप | ४००० | ४००० | १००० | १००० | |
| **९** | **व्युटिपार्लर, कस्मेटिक पसल र सेनीटरी एक मुष्ठ** | १००० | १००० | ५०० | ५०० | |
| **१०** | **सुन चाँदी पसल एक मुष्ठ** | ३००० | ३००० | १००० | १००० | |
| **११** | **टेन्ट हाउस र क्याटरिङ्ग एक मुष्ठyj** | ३००० | ३००० | १००० | १००० | |
| **१२** | **मदिरा पसल** | | | | | |
| १२.१ | वितरक | १०००० | १०००० | ५००० | ५००० | |
| १२.२ | थोक बिक्रेता | ५००० | ५००० | २००० | २००० | |
| १२.३ | खुद्रा बिक्रेता | ३००० | ३००० | १००० | १००० | |
| **१३** | **सूर्तिजन्य पदार्थ** | | | | | |
| १३.१ | वितरक | १०००० | १०००० | ५००० | ५००० | |
| १३.२ | थोक बिक्रेता | ५००० | ५००० | २००० | २००० | |
| १३.३ | खुद्रा बिक्रेता | २००० | २००० | ५०० | ५०० | |
| २१.१ | पोल्ट्रि फर्म एकमुष्ठ | २००० | २००० | १००० | १००० | |
| २१.२ | कृषि/पशु फर्म एकमुष्ठ | १००० | १००० | ५०० | ५०० | |
| २१.३ | रासायनिक मल विक्री अनुमती (सहकारी) | १००० | १००० | ५०० | ५०० | |
| २१.४ | कृषि/पशु ल्याब सेवा एकमुष्ठ | ३००० | ३००० | १००० | १००० | |
| **२२** | **एग्रोभेट दर्ता एकमुष्ठ** | **१०००** | **१०००** | **५००** | **५००** | |
| **२३** | **कृषि उपकरण मर्मत सेन्टर एकमुष्ठ** | **१०००** | **१०००** | **५००** | **५००** | |
| **२४** | **दाना, चल्ला विक्री, भेटेरेनरी** | **२०००** | **२०००** | **१०००** | **१०००** | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **लगायतका सेवा** | | | | | |
| **२५** | **कृषि समूह दर्ता** | २०० | २०० | १०० | १०० | |
| **२६** | **कृषि समूह दर्ता खारेजी** | २०० | २०० | | | |
| **२७** | **विऊ विजन, नर्सरी विरुवा विक्री वितरण फर्म** | **१०००** | **१०००** | **५००** | **५००** | |
| **२८** | **होटल ब्यवसाय तर्फ** | | | | | |
| २८.१ | सुविधा सम्पन्न व्यवसायिक होटल रिसोर्ट | ५००० | ५००० | ३००० | ३००० | |
| २८.२ | सुविधा सम्पन्न खाना तथा बासको व्यवस्था भएको | ३००० | ३००० | २००० | २००० | |
| २८.३ | स-साना खाजा तथा खाना, चिया पसल | १००० | १००० | ५०० | ५०० | |
| २८.४ | होमस्टे दर्ता तथा नविकरण | प्रदेश कानुन बमोजिम | प्रदेश कानुन बमोजिम | | | |
| **२९** | **स्वास्थ्य सेवा तर्फ** | | | | | |
| २९.१ | क्लिनिक | २००० | २००० | १००० | १००० | |
| २९.२ | फार्मेसी/औषधी पसल थोक विक्रेता | ५००० | ५००० | २००० | २००० | |
| २९.३ | औषधी पसल खुद्रा विक्रेता | २००० | २००० | १००० | १००० | |
| २९.४ | नीजि अस्पताल तथा नर्सिङ होम | २०००० | २०००० | ५००० | ५००० | |
| **३०** | **सामुदायिक , निजी वन दर्ता शुल्क** | **१०००** | **१०००** | **५००** | **५००** | |
| **३१** | **कम्पनी तर्फ** | | | | | |
| ३१.१ | विज्ञापन एजेन्सी | २००० | २००० | १००० | १००० | |
| ३१.२ | सप्लायर्स, कन्सल्टेन्सी, कम्पनी | ३००० | ३००० | १००० | १००० | |
| ३१.३ | वोर्डिङ्ग स्कुल (आधारभूत तह) -अनुमति | ५००० | ५००० | | | |
| ३१.४ | वोर्डिङ्ग स्कुल माध्यमिक -अनुमति | ८००० | ८००० | | | |
| ३१.५ | निजी क्याम्पस, उच्च मा. वि. -अनुमति | १०००० | १०००० | | | |
| ३१.६ | पूर्व आधारभूत तह (मन्टेश्वरी) -अनुमति | ३००० | ३००० | | | |
| ३१.७ | कानूनी परामर्श तथा लेखापढी सेवा | ३००० | ३००० | १००० | १००० | |
| ३१.८ | इन्जिनियरिङ्ग परामर्श सेवा | ५००० | ५००० | १५०० | १५०० | |
| ३१.९ | शैक्षिक परामर्श सेवा | २००० | २००० | १००० | १००० | |
| **३२.** | **कम्प्युटर तालिम, ट्युशन सेन्टर,** | २००० | २००० | १००० | १००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **भाषा शिक्षण सेवा** | | | | | |
| ३२.१ | इन्टरनेट व्यवसाय सूचिकृत | ५००० | ५००० | | | |
| ३२.२ | केवुल प्रसारण कम्पनी सूचिकृत | ५००० | ५००० | | | |
| **३३** | **वित्तीय संस्था तर्फ** | | | | | |
| ३३.१ | क वर्गको बैंक वा वित्तीय संस्था | | | १००००/- | १००००/ | |
| ३३.२ | ख वर्गको बैंक वा वित्तीय संस्था | | | ८०००/- | ८०००/- | |
| ३३.३ | ग वर्गको बैंक वा वित्तीय संस्था | | | ६०००/- | ६०००/- | |
| ३३.४ | घ वर्गको बैंक वा वित्तीय संस्था | | | ४०००/- | ४०००/- | |
| ३३.५ | लघु वित्तीय संस्था | | | ४०००/- | ४०००/- | |
| ३३.६ | शाखा रहित बैंकिङ्ग सेवा | | | १०००/- | १०००/- | |
| **३४** | **सहकारी संस्था लि. तर्फ** | | | | | |
| ३४.१ | सहकारी दर्ता कृषि | २००० | २००० | | | |
| ३४.२ | सहकारी दर्ता बचत, ऋण तथा बहुउद्देशीय | ५००० | ५००० | | | |
| ३४.३ | विनियम संसोधन | | | ५०० | ५०० | |
| ३४.४ | विनियम पुनर्लेखन | | | १००० | १००० | |
| ३४.५ | सहकारी संस्था कार्यक्षेत्र विस्तार अनुमती पत्र दस्तुर | | | ५०० | ५०० | |
| ३४.६ | रेमिटेन्स सेवा सूचिकृत | ३००० | ३००० | | | |
| ३४.७ | वीमा कम्पनी सूचिकृत | ३००० | ३००० | | | |
| **३५** | **उद्योग तथा खानीतर्फ** | | | | | |
| ३५.१ | पाउरोटी, आईसक्रिम, विस्कुट, चाउमिन,साबुन तथा दालमोट लगायतका उद्योग | २५०० | २५०० | १००० | १००० | |
| ३५.२ | पोलिथिन पाईप तथा अन्य प्लाष्टिक उद्योग | ५००० | ५००० | ३००० | ३००० | |
| ३५.३ | स्टिल तथा काष्ठ फर्निचर निर्माण उद्योग | ३००० | ३००० | २००० | २००० | |
| ३५.४ | ह्युम पाईप, विद्युत पोल, तारवार पोल, सिमेन्ट व्लक र सिमेन्ट रेलिङ उद्योग | १०००० | १०००० | ५००० | ५००० | |
| ३५.५ | मैनबत्ति तथा अगरबत्ति उद्योग | १००० | १००० | ५०० | ५०० | |
| ३५.६ | मसला उद्योग | १००० | १००० | ५०० | ५०० | |
| ३५.७ | ढुङ्गा, बालुवा, गिट्टी खानी सञ्चालन सिफारिस | १०००० | १०००० | | | |
| ३५.८ | झोला उद्योग | २००० | २००० | १००० | १००० | |
| ३५.९ | डेरी उद्योग तथा (दुग्ध | २००० | २००० | १००० | १००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धी)अन्य व्यवसाय | | | | | |
| ३५.१० | ग्रील सटर उद्योग | ५००० | ५००० | २००० | २००० | |
| ३५.११ | मील (कुटानी, पिसानी, पेलानी) | १००० | १००० | ५०० | ५०० | |
| ३५.१२ | कुटानी पिसानी सानो मील | ५०० | ५०० | १०० | १०० | |
| ३५.१३ | क्रसर उद्योग वार्षिक (अस्थायी) | ४००००० | ४००००० | ३००००० | ३००००० | |
| ३५.१४ | बालुवा धुने उद्योग वार्षिक | ५०००० | ५०००० | १०००० | १०००० | |
| ३५.१५ | ग्यास उद्योग | ५०००० | ५०००० | १०००० | १०००० | |
| ३५.१६ | बालुवा खानी तथा ढुँगाखानी नविकरण सिफारिस दस्तुर | ३००० | ३००० | | | |
| ३५.१७ | बालुवा तथा ढुँगाखानी नामसारी सिफारिस दस्तुर | ५००० | ५००० | | | |
| ३५.१८ | इट्टा र टायल उद्योग सञ्चालन दस्तुर | ५०००० | ५०००० | १०००० | १०००० | |
| ३५.१९ | मादल खैजडी लगायत स्थानीय बाजा निर्माण मर्मत तथा बिक्री | ५०० | ५०० | १०० | १०० | |
| ३५.२० | सिरक डसना उद्योग | १००० | १००० | ५०० | ५०० | |
| ३५.२१ | छाला जुत्ता उत्पादन तथा बिक्री पसल | १००० | १००० | ५०० | ५०० | |
| ३६ | **निर्माण व्यवसायी आवद्धता दस्तुर (सूचीकृत)** | | | | | |
| ३६. १ | क श्रेणीको सूचीकृत | | | २५००० | २५००० | |
| ३६. २ | ख श्रेणीको सूचीकृत | | | १५००० | १५००० | |
| ३६. ३ | ग श्रेणीको सूचीकृत | | | १०००० | १०००० | |
| ३६. ४ | घ श्रेणीको (नगरपालिकामा दर्ता नभएको हकमा) | | | १०००० | १०००० | |
| ३६. ५ | घ बर्गको इजाजत दस्तुर | ३०००० | ३०००० | १५००० | १५००० | |
| ३६. ६ | घ बर्गको इजाजत नामसारी दस्तुर | | | ५००० | ५००० | |
| ३६. ७ | घ बर्गको इजाजत ठाँउसारी दस्तुर | | | २००० | २००० | |
| **३७** | **ट्रान्सपोर्ट सेवा** | **५०००** | **५०००** | २००० | २००० | |
| **३८** | **यातायात सेवा सञ्चालन** | **५०००** | **५०००** | २००० | २००० | |
| **३९** | **व्यवसाय दर्ता प्रमाण पत्र प्रतिलिपी** | | | **५००** | **५००** | |
| ४० | **ब्यवसाय दर्ता प्रमाण पत्रमा व्यवसाय/ कारोवार थप वा पूँजी थप** | | **शुरुको व्यवसाथ दर्ता रकम बराबर शुल्क लाग्ने** | | | |

| | | |
|---|---|---|
| नोट | माथि उल्लेख हुन छुट भएका व्यवसायहरुलाई व्यवसायको प्रकृति हेरी उस्तै समूहमा लाग्ने दर्ता र नवीकरण शुल्क लाग्नेछ। | |

## अनुसूचि-५

(दफा ५ सँग सम्बन्धित)

जीवजन्तु, जडीबुटी र कवाडी कर

| क्र. स. | विवरण | आ.व. २०८२/०८३ को दर (रु.) | आ.व. २०८३/०८४ को लागि प्रस्तावित दर | वार्षिक व्यवसाय कर (२०८२/०८३) | वार्षिक व्यवसाय कर (२०८३/०८४) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | **चौपाया, चखेरु जन्य पदार्थ एंव अङ्ग** | | | | | |
| १.१ | हाड प्रति के.जि. | १/- | १/- | | | |
| १.२ | सिङ प्रति के. जि. | २/- | २/- | | | |
| १.३ | खुर प्रति के.जि. | २/- | २/- | | | |
| १.४ | =छाला सानो (भेडा बाख्रा) प्रति के.जि. | १५/- | १५/- | | | |
| १.५ | छाला ठूलो (गाइ भैसी) प्रति के.जि. | २५/- | २५/- | | | |
| १.६ | हाँस कुखुरा जस्ता पंक्षिहरुको प्वाँख प्रति के.जि. | १.५०/- | १.५०/- | | | |
| २. | **वन पैदावर** | | | | | |
| २.१ | वन नियमावलीले तोकेको जडीबुटी प्रति के.जि. | ०.५०/- | ०.५०/- | | | |
| २.२ | वनकस, अम्रिसो, कुचो, बाबियो, पराल लोक्ता र निगालो प्रति के.जि. | 1/- | 1/- | | | |
| २.३ | खोटो(लिसा) प्रति के.जि. | ५/- | ५/- | | | |
| २.४ | सालको विया प्रति के.जि. | ०.७५ | ०.७५ | | | |
| २.५ | सल्लाको विया प्रति के.जि. | ०.२५ | ०.२५ | | | |
| ३ | **कवाडी संकलन** | | | | | |
| स्वदेशमा स्थापना भएका उद्योगहरुले जे जस्तो अवस्थामा छ सोही रुपमा पुनः प्रयोग गर्ने देहायका वस्तुमा संकलन दर तोकीएको छ । | | | | | | |
| ३.१ | खाली सिसि लगायतका पुराना सामान संकलन अनुमति, एकमुष्ठ | १०००/- | १०००/- | | | |
| ३.२ | खाली सिसि वियर बोतल, प्रति गोटा | १/- | १/- | | | |

| क्र. स. | विवरण | आ.व. २०८२/०८३ को दर (रु.) | आ.व. २०८३/०८४ को लागि प्रस्तावित दर | वार्षिक व्यवसाय कर (२०८२/०८३) | वार्षिक व्यवसाय कर (२०८३/०८४) | कैफियत |
|---|---|---|---|---|---|---|
| ३.३ | खाली सिसि(चिसो पेय) प्रति गोटा | १/- | १/- | | | |
| ३.४ | खाली सिसि (मदिरा र अन्य) ५०० एम. एल. भन्दा माथि, प्रति गोटा | ०.५० | ०.५० | | | |
| ३.५ | खाली सिसि (मदिरा र अन्य) ५०० एम. एल. भन्दा तल, प्रति गोटा | ०.२५ | ०.२५ | | | |
| ३.६ | प्लाष्टिक(बोतल, भाडाकुडा, पुराना, जुत्ताचप्पल, ग्यालेन र जर्किन), प्रति गोटा | 1/- | 1/- | | | |
| ३.७ | खाली बोरा, प्रति गोटा | ०.२५ | ०.२५ | | | |
| ३.८ | ५० के.जि. सम्म खाद्यान्न अट्ने प्लाष्टिकका बोरा, प्रति गोटा | ०.२५ | ०.२५ | | | |
| ३.९ | ५० के.जि. सम्म खाद्यान्न अट्ने जुटका, प्रति गोटा | १/- | १/- | | | |
| ३.१० | १०० के.जि. सम्म खाद्यान्न अट्ने जुटका बोरा, प्रति गोटा | २/- | २/- | | | |
| ३.११ | १० लिटर भन्दा बढी अट्ने तेलको टिन सानो, प्रति गोटा | २/- | २/- | | | |
| ३.१२ | १० लिटर भन्दा कम अट्ने तेलको टिन सानो, प्रति गोटा | १/- | १/- | | | |
| प्रशोधन गरी पुनः प्रयोग हुन सक्ने देहायका कवाडी मालसामानमा देहायबमोजिमको दर कायम गरिएको छ । | | | | | | |
| ३.१३ | ग्रामेन्ट कपडाको टुक्रा, प्रति के. जि. | २/- | २/- | | | |
| ३.१४ | जलेको मोविल, प्रति लिटर | १/- | १/- | | | |
| ३.१५ | जुट र प्लाष्टिकका बोरा, प्रति के.जि. | ०.२०/- | ०.२०/- | | | |

| क्र.स. | विवरण | आ.व. २०८२/०८३ को दर (रु.) | आ.व. २०८३/०८४ को लागि प्रस्तावित दर | वार्षिक व्यवसाय कर (२०८२/०८३) | वार्षिक व्यवसाय कर (२०८३/०८४) | कैफियत |
|---|---|---|---|---|---|---|
| ३.१६ | कार्टेटका टुक्रा, प्रति के.जि. | २/- | २/- | | | |
| ३.१७ | टायर ट्युव, प्रति के.जि. | २/ | २/ | | | |
| ३.१८ | थोत्रो टिन, प्रति के.जि. | ०.५०/- | ०.५०/- | | | |
| ३.१९ | पुरानो ड्रम, प्रति के.जि. | १/- | १/- | | | |
| ३.२० | अखवार न्युजप्रिन्ट, प्रति के.जि. | २/- | २/- | | | |
| ३.२१ | अन्य कागज (कार्टुन समेत), प्रति के.जि. | १/- | १/- | | | |
| | **धातुका टुक्राहरु र पत्रु भइ काम नलाग्ने भएका धातुका समानहरु** | | | | | |
| ३.२२ | फलाम, प्रति के.जि | ५/- | ५/- | | | |
| ३.२३ | तामा, प्रति के.जि | १००/- | १००/- | | | |
| ३.२४ | पित्तल, प्रति के.जि | ५०/- | ५०/- | | | |
| ३.२५ | सिल्भर, गिट्टी ढलोटका पुराना भाडा कुडा, प्रति के.जि | २५/- | २५/- | | | |
| ३.२६ | कासका पुराना भाडाकुँडा, प्रति के.जि | १००/- | १००/- | | | |
| ३.२७ | थोत्रिएर काम नलाग्ने मेसिनरी औजार, प्रति के.जि | ५/- | ५/- | | | |
| ३.२८ | पोलोथिन पाइपका टुक्राहरु, प्रति के.जि | २/- | २/- | | | |
| ३.२९ | सिसाको धुलो वा टुक्रा, प्रति के.जि | ४/- | ४/- | | | |
| ३.३० | काँचको धुलो र टुक्रा, प्रति के.जि | १/- | १/- | | | |
| ४ | **निकासी कर** | | | | | |
| ४.१ | दालिचिनी पात प्रति किलो | १/- | १/- | | | |
| ४.२ | दालचिनि बोक्रा प्रति किलो | २/- | २/- | | | |
| ४.३ | कुखुरा/हाँस प्रति गोटा | ५/- | ५/- | | | |
| ४.४ | बाख्रा/भेडा प्रति गोटा | ५०/- | ५०/- | | | |
| ४.५ | गाइ/गोरु प्रति गोटा | १००/- | १००/- | | | |

| क्र.स. | विवरण | आ.व. २०८२/०८३ को दर (रु.) | आ.व. २०८३/०८४ को लागि प्रस्तावित दर | वार्षिक व्यवसाय कर (२०८२/०८३) | वार्षिक व्यवसाय कर (२०८३/०८४) | कैफियत |
|---|---|---|---|---|---|---|
| ४.६ | भैसी/राँगो प्रति गोटा | २००/- | २००/- | | | |
| **५** | **न्नबाली तथा अन्य उत्पादन** | | | | | |
| ५.१ | भटमास प्रति क्वीन्टल | १००/- | १००/- | | | |
| ५.२ | गहुँ, मकै प्रति क्वीन्टल | २५/- | २५/- | | | |
| ५.३ | दालजन्य प्रति क्वीन्टल | १२०/- | १२०/- | | | |
| ५.४ | घीउँ प्रति के.जि. | ५/- | ५/- | | | |

**अनुसूची -६**
**(दफा ६ सँग सम्बन्धित)**
**सवारी साधन कर**

| क्र.स. | सवारी साधनको किसिम | दर्ता तथा इजाजत आ.व२०८२/०८३ | दर्ता तथा इजाजत आ.व२०८३/०८४ प्रस्तावित दर | वार्षिक नविकरण आ.व २०८२/०८३ | वार्षिक नविकरण आ.व २०८३/०८४ |
|---|---|---|---|---|---|
| १. | अटोरिक्सा | रु. १०००/- | रु. १०००/- | ५००/- | ५००/- |
| २. | विद्युतीय रिक्सा | रु. १०००/- | रु. १०००/- | ५००/- | ५००/- |
| ३. | रिक्सा तथा ठेला | रु. ५००/- | रु. ५००/- | ५००/- | ५००/- |

**अनुसूची -७**

**(दफा ७ सँग सम्बन्धित)**

**विज्ञापन कर**

| क्र.स. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १. | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति वर्ग फिट | रु.२०/- | प्रदेश कानून बमोजिम |
| २. | व्यानर(बढीमा एक महिनासम्मको लागि) | रु.२००/- | |
| ३. | आफ्नो व्यवसायको पहिचानको लागि व्यवसाय स्थलमा राखेको साइनबोर्ड | कर नलाग्ने | |

**अनुसूची -८**
**(दफा ९ सँग सम्बन्धित)**
**बहाल बिटौली शुल्क**

| **क्र.स.** | **विवरण** | करको दर रु. (वार्षिक) आ.व २०८२/०८३ | करको दर रु. (वार्षिक) आ.व २०८३/०८४ को प्रस्तावित दर |
|---|---|---|---|
| **१** | **जग्गा** | | |
| १.१ | व्यापारिक प्रयोजनलाई प्रति वर्ग मीटर | १५०/- | १५०/- |
| १.२ | आवासीय प्रयोजनलाइ प्रति वर्ग मीटर | ७५/- | ७५/- |
| **२** | **भवन** | | |
| २.१ | व्यापारिक प्रयोजनलाई प्रति वर्ग मीटर | ३००/- | ३००/- |
| २.२ | आवासीय प्रयोजनलाइ प्रति वर्ग मिटर | १५०/- | १५०/- |

**अनुसूची -९**

**(दफा १० को उपदफा (२) सँग सम्बन्धित)**

**पार्किङ्ग शुल्क**

| क्र.स. | विवरण | करको दर रु.(प्रतिदिन/पटक) आ.व २०८२/०८३ | करको दर रु.(प्रतिदिन/पटक) आ.व २०८३/०८४ को प्रस्तावित |
|---|---|---|---|
| १. | ४ पाँग्रे ठुला सवारी साधन | ३०/- | ३०/- |
| २. | ४ पाँग्रे मझौला सवारी साधन | २५/- | २५/- |
| ३. | २ पाँग्रे ठुला सवारी साधन (मोटरसाइकल/स्कुटर) | १०/- | १०/- |

## अनुसूची -१०
## (दफा ११ सँग सम्बन्धित)
## ट्रेकिंङ्ग, कायाकिङ्ग, क्यानोइन, बन्जि जम्पिङ्ग, स्वीङ्ग, जिप फ्लायर तथा रयाफ्टिङ्ग शुल्क

**ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोइन, बन्जि जम्पिङ्ग, स्वीङ्ग, जिप फ्लायर** र रोपवे जल विहार शुल्क- प्रति टिम प्रति पटक रु. १००/- (सय रुपैया मात्र)

**अनुसूची -११**

**(दफा १२ सँग सम्बन्धित)**

**धार्मिक**, पर्यटन र ऐतिहासिक क्षेत्र व्यवस्थापन समिति दर्ता र अनुमती **शुल्क**

| क्र.स. | विवरण | दर्ता, अनुमती, प्रवेश शुल्क रु. | दर्ता, अनुमती, प्रवेश शुल्क रु. प्रस्तावित | नविकरण | नविकरण आ.व २०८३/०८४ प्रस्तावित |
|---|---|---|---|---|---|
| १ | मठ, मन्दिर, चर्च, गुम्बा, मस्जिद लगायत धार्मिक, पर्यटकीय, ऐतिहासिक क्षेत्र | ५००/- | ५००/- | १००/- | १००/- |

## अनुसूची -१२

-दफा १३ सँग सम्बन्धित _

## सेवा शुल्क तथा दस्तुरको दर

| क स | विवरण | शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३ | शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४ |
|---|---|---|---|
| | **सिफारिस दस्तुर** | | |
| १ | मन्त्रालय/विभाग/प्रदेश /संघ/डिभिजन कार्यालय | २००/- | २००/- |
| २ | अन्य निकायमा साधारण सिफारिस | १००/- | १००/- |
| ३ | घर भवनका नक्सा पास सिफारिस दस्तुर | १०००/- | १०००/- |
| ४ | घर भवनको सम्पन्न भएको सिफारिस | ५००/- | ५००/- |
| ५ | घर भवनको सम्पन्न प्रमाण पत्र दस्तुर | १५००/- | १५००/- |
| ६ | घर भवनको नक्सापास पत्रको प्रतिलिपि दस्तुर | ५००/- | ५००/- |
| ७ | संस्थागत सिफारिस | १००/- | १००/- |
| ८ | नागरिकता सिफारिस | १००/- | १००/- |
| ९ | नागरिकता प्रतिलिपी  सिफारिस | १००/- | १००/- |
| १० | मुचुल्का सहितको नागरिकता सिफारिस | ३००/- | ३००/- |
| ११ | अंगिकृत नागरिकता सिफारिस | ५००/- | ५००/- |
| १२ | गैर आवाशिय नागरिकता सिफारिस | १०००/- | १०००/- |
| १३ | प्रहरी मुचुल्का सिफारिस | १००/- | १००/- |
| १४ | जग्गा नामसारी श्रेस्ता कायम सिफारिस | २००/- | २००/- |
| १५ | चार किल्ला प्रमाणित -बाटो संग जोडिएको_ | ३००/- | ३००/- |
| | चार किल्ला प्रमाणित बाटोले नछोएको | २००/- | २००/- |
| १६ | घर बाटो प्रमाणित | २००/- | २००/- |
| १७ | फोटो सहितको नाता प्रमाणित नेपालीमा | २००/- | २००/- |
| | फोटो सहितको नाता प्रमाणित अंग्रेजीमा | ५००/- | ५००/- |
| १८ | बेपत्ता नागरिकको जग्गा नामसारी सिफारिस | ५००/- | ५००/- |
| १९ | भारत आउन जान सिफारिस | ३००/- | ३००/- |
| २० | संस्था दर्ता सिफारिस दस्तुर | ५००/- | ५००/- |
| २१ | संस्था नवीकरण सिफारिस | ३००/- | ३००/- |
| २२ | बैदेशिक प्रयोजनको लागि सिफारिस | ५००/- | ५००/- |
| २३ | विधुत मिटर सिफारिस | १००/- | १००/- |
| २४ | उद्योग दर्ता सिफारिस | १०००/- | १०००/- |
| २५ | व्यापार व्यवसाय दर्ता सिफारिस घरेलु कार्यालयमा | २००/- | २००/- |
| २६ | व्यापार व्यवसाय दर्ता सिफारिस वडा कार्यालय बाट नगरपालिकालाई | १००/- | १००/- |

| क स | विवरण | शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३ | शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४ |
|---|---|---|---|
| २७ | स (काठ) मिल दर्ता सिफारिस | १०००/- | १०००/- |
| २८ | अपुताली सिफारिस | ५००/- | ५००/- |
| | एकाघर सिफारिस | ३००/- | ३००/- |
| | नाता प्रमाणित | २००/- | २००/- |
| | सट्टापट्टा सिफारिस | ३००/- | ३००/- |
| २९ | मोहि लगत कट्टा सिफारिस | २००/- | २००/- |
| ३० | घर कायम सिफारिस | २००/- | २००/- |
| ३१ | छात्रबृति सिफारिस स्वदेश | १००/- | १००/- |
| ३२ | छात्रबृति सिफारिस विदेशको लागि | ५००/- | ५००/- |
| ३३ | विपन्न विद्यार्थि छात्रबृति सिफारिस | २०/- | २०/- |
| ३४ | अपांग गम्भिर प्रकृतिका रोग प्रकोप जन्य घटनामा परेकालाई सामाजिक सुरक्षा सम्बन्धी सिफारिस योजना सिफारिस | निशुल्क | निशुल्क |
| ३५ | अस्थायी बसोवास सिफारिस | २००/- | २००/- |
| ३६ | स्थायी बसोवास सिफारिस | २००/- | २००/- |
| ३७ | आर्थिक अवस्था सम्पन्ताको सिफारिस | ५००/- | ५००/- |
| ३८ | आर्थिक अवस्था कमजोर तथा विपन्नताको सिफारिस | १००/- | १००/- |
| ३९ | धारा जडान सिफारिस | २००/- | २००/- |
| ४० | जीवित रहको सिफारिस | २००/- | २००/- |
| ४१ | दुबै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस | २००/- | २००/- |
| ४२ | जग्गा मुल्याकन सिफारिस तथा प्रमाणित | ५००/- | ५००/- |
| ४३ | व्यवसाय बन्दको सिफारिस | १००/- | १००/- |
| ४४ | व्यापार व्यवसाय संचालन नभएको सिफारिस | १००/- | १००/- |
| ४५ | कोट फि मिनाहा सिफारिस | निशुल्क | निशुल्क |
| ४६ | नावालक परिचय पत्र सिफारिस | निशुल्क | निशुल्क |
| ४७ | नगरपालिकाबाट चौपाय खरिद बिक्री सिफारिस | २००/- | २००/- |
| ४८ | उद्योग ठाउ सारी सिफारिस | ५००/- | ५००/- |
| ४९ | आन्तरिक बसाइसराई सिफारिस | २००/- | २००/- |
| ५० | बाह्य बसाइसराई सिफारिस | १०००/- | १०००/- |
| ५१ | विद्यालय ठाउँसारी सिफारिस | १००/- | १००/- |
| ५२ | निजी विद्यालय स्थापना अनुमति सिफारिस | ५०००/- | ५०००/- |
| ५३ | विद्यालयको तह सिफारिस | २५००/- | २५००/- |
| ५४ | कक्षा थप सिफारिस | २०००/- | २०००/- |

| क स | विवरण | शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३ | शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४ |
|---|---|---|---|
| ५५ | स्कुल बस खरिद सिफारिस | १०००/- | १०००/- |
| ५६ | प्राविधिक शिक्षा थप सिफारिस | १०००/- | १०००/- |
| ५७ | सामुदायिक बिद्यालय सरुवा सहमति सिफारिस | २००/- | २००/- |
| ५८ | मार्कसिट प्रतिलिपी दस्तुर | २००/- | २००/- |
| ५९ | पारिवारिक तथा व्यक्तिगत विवरण प्रमाणित | ३००/- | ३००/- |
| ६० | जग्गा दर्ता सिफारिस | ३००/- | ३००/- |
| ६१ | संरक्षक सिफारिस (व्यक्तिगत/सस्थागत) | १००/- | १००/- |
| ६२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | ३००/- | ३००/- |
| ६३ | घरबाटो कायम सिफारिस | ३००/- | ३००/- |
| ६४ | निशुल्क वा सशुल्क स्वास्थ उपचार सेवा सिफारिस | नि शुल्क | नि शुल्क |
| ६५ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउने सिफारिस | ३००/- | ३००/- |
| ६६ | विवाहित प्रमाणित | २००/- | २००/- |
| | अविवाहित प्रमाणित | १००/- | १००/- |
| ६७ | घरयासी लेनदेन तमसुक तथा मन्जुरी नामा प्रमाणित | २००/- | २००/- |
| ६८ | जातजाती प्रमाणित तथा सिफारिस | १००/- | १००/- |
| ६९ | जातजाती अंग्रेजिमा सिफारिस | ५००/- | ५००/- |
| ७० | जग्गाधनी प्रमाणपूर्जा प्रतिलिपी सिफारिस | २००/- | २००/- |
| ७१ | बैक खाता संचालन तथा बन्दको सिफारिस | १००/- | १००/- |
| ७२ | संघ संस्था नवीकरण सिफारिस दस्तुर | ३००/- | ३००/- |
| ७३ | संघसस्था नवीकरण सिफारिस दस्तुर जरिवाना एक आव पुरै नविकरण नभएको अवस्थामा | ३००/- | ३००/- |
| ७४ | नगरपालिका बाहिर दर्ता भएका गैससले यस नगरपालिकामा कार्यक्रम संचालन सिफारिस दस्तुर १० लाख सम्मको कार्यक्रमको लागि | ५००/- | ५००/- |
| ७५ | १० लाख भन्दा माथिको कार्यक्रमको लागि | १५००/- | १५००/- |
| ७६ | कागजात तथा अभिलेख प्रमाणिकरण दस्तुर | ५००/- | ५००/- |
| ७७ | न्यायिक समितिमा मुद्दा दर्ता दस्तुर | ५०/- | ५०/- |
| ७८ | योजना सम्झौता सिफारिस १ लाख सम्म | ५००/- | ५००/- |
| ७९ | योजना सम्झौता सिफारिस १ लाख देखि ५ लाख सम्म | १०००/- | १०००/- |
| ८० | योजना सम्झौता सिफारिस ५ लाख देखि १० | १५००/- | १५००/- |

| क स | विवरण | शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३ | शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४ |
|---|---|---|---|
| | लाख सम्म | | |
| ८१ | योजना सम्झौता सिफारिस १० लाख देखि २० लाख सम्म | २०००/- | २०००/- |
| ८२ | योजना सम्झौता सिफारिस २०लाख देखि माथि | ३०००/- | ३०००/- |
| ८३ | योजना भुक्तानी सिफारिस १ लाख | ५००/- | ५००/- |
| ८४ | योजना भुक्तानी सिफारिस १ लाख देखि ५ सम्म | १०००/- | १०००/- |
| ८५ | योजना भुक्तानी सिफारिस ५ लाख देखि १० लाख सम्म | १५००/- | १५००/- |
| ८६ | योजना भुक्तानी सिफारिस १० लाख देखि २० सम्म | २०००/- | २०००/- |
| ८७ | योजना भुक्तानी सिफारिस २० लाख देखि ५० लाख सम्म | ३०००/- | ३०००/- |
| | योजना भुक्तानी सिफारिस ५० लाख देखि माथि | ५०००/- | ५०००/- |
| ८८ | पून निर्माण सम्पन्न प्रमाण पत्र सिफारिस | ५००/- | ५००/- |
| ८९ | नगरपालिकाका स्वीकृत कार्यक्रम भित्रका सिफारिस | १००/- | १००/- |
| ९० | सेवा प्रदायक संघ र संस्थाहरु निमार्ण सप्लायर्स विक्रेता सूचिकृत दस्तुर | ५००/- | ५००/- |
| ९१ | नेपाली पेनसन सिफारिस दस्तुर | ३००/- | ३००/- |
| ९२ | भारतीय पेन्सन सिफारिस दस्तुर | ५००/- | ५००/- |
| ९३ | बिट्रिस पेन्सन सिफारिस दस्तुर | १०००/- | १०००/- |
| ९४ | सबै प्रकारका मुचुल्का | ३००/- | ३००/- |
| ९५ | परीक्षा शुल्क | लोकसेवाको नियमानुसार | |
| ९६ | मलखाद बिक्रेता दर्ता सिफारिस | ५००/- | ५००/- |
| ९७ | नक्सा पास तथा निर्माण इजाजत दरखास्त फारम बिक्री शुल्क | ५००/- | ५००/- |
| ९८ | पराना घर/भवनको नक्सा प्रमाणित दरखास्त फारम बिक्री शुल्क | | |
| ९९ | पुराना घर/भवन अभिलेखिकरण शुल्क प्रति वर्ग फुट | | |
| **सरसफाई सेवा शुल्क** | | | |
| **क.स** | **विवरण** | **शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३** | **शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४** |

| क स | विवरण | शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३ | शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४ |
|---|---|---|---|
| १ | ठूलो होटल | २००/- | २००/- |
| २ | मध्यमस्तरको होटल | १५०/- | १५०/- |
| ३ | सानो चिया पसल | १००/- | १००/- |
| ४ | खाद्य पसल ठूलो | २००/- | २००/- |
| ५ | सानो खुद्रा पसल | १००/- | १००/- |
| ६ | औषधी पसल | २००/- | २००/- |
| ७ | कपडा तथा फेन्सी पसल | २००/- | २००/- |
| ८ | कस्मेटिक पसल | १००/- | १००/- |
| ९ | तरकारी पसल | २००/- | २००/- |
| १० | फ्रेस हाउस | २००/- | २००/- |
| ११ | ठूला हार्डवेयर | २००/- | २००/- |
| १२ | सानो भाँडा पसल | १००/- | १००/- |
| १३ | बैंक तथा वित्तिय संस्था | १००/- | १००/- |
| १४ | हेयर कटिङ्ग | १००/- | १००/- |
| **व्यक्तिगत घटना दर्ता शुल्क** | | | |
| १ | घटना दर्ता ३५ दिन भित्र | नि शुल्क | नि शुल्क |
| २ | घटना दर्त ३५ दिन नाघे पछी | २००/- | २००/- |
| ३ | घटना दर्ता प्रतिलिपी | ५००/- | ५००/- |
| ५ | नाम थर जन्म मिति संशोधन | ३००/- | **३००/-** |
| ६ | घटनना दर्ता प्रमाणिकरण | ५००/- | **५००/-** |
| **जलश्रोत समितिबाट निर्णय भई आएका विभिन्न प्रकारका जलश्रोत उपभोक्ता संस्थाहरुको दर्ता नवीकरण तथा प्रमाणपत्र दस्तुर** | | | |
| १ | खानेपानी तथा सिचाईको मुहान दर्ता तथा नवीकरण | १०००/५०० | १०००/५००(प्रस्तावित दर) |
| २ | लघु जलविधुत ५ किलोवाट देखि १० किलो वाट सम्म दर्ता | ३०००/१५०० | ३०००/१५००(प्रस्तावित दर) |
| ३ | प्रमाणपत्रको प्रतिलिपी | ५००/- | **५००/-**(प्रस्तावित दर) |
| **लेखापरीक्षक सूचिकृत शुल्क** | | | |
| १ | क बर्ग | २५००/- | २५००/- |
| २ | ख बर्ग | २०००/- | २०००/- |
| ३ | ग बर्ग | १५००/- | १५००/- |
| ४ | घ बर्ग | १०००/- | १०००/- |
| **सम्पतीको मुल्याङ्कन** | | | |
| १ | रु ५ लाख सम्मको | १०००/- | १०००/- |

| क स | विवरण | शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३ | शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४ |
|---|---|---|---|
| २ | रु ५ लाख भन्दा माथि प्रति लाख रु १००।०० थप लाग्ने छ । | १००./- | १००./- |
| **अन्य दर्ता/नविकरण दस्तुर** | | | |
| १ | आमा समुह दर्ता | २००/१५० | २००/१५० |
| २ | टोल बिकास सस्था दर्ता | २००/१५० | २००/१५० |
| ३ | माछापालन समुह दर्ता | २००/१५० | २००/१५० |
| ४ | उपभोक्ता समित दर्ता | ३००/१५० | ३००/१५० |
| ५ | समुहहरुको विनियम संशोधन | ५००/१५० | ५००/१५० |
| **आम्दानी प्रमाणित दस्तुर** | | | |
| १ | रु १ लाख सम्म | ५००/- | ५००/- |
| २ | रु १ लाख भन्दा माथी प्रति लाख रु थप शुल्क लाग्नेछ । | १००/- | १००/- |
| **काठ कटानी तथा विक्री वितरण सिफारिस** | | आन्तरीक विक्री/बाह्य विक्री | बाह्य विक्री |
| १ | सुकेढलेको साल/सिसौको काठ निकासी प्रति रुख | २००/२०० | २००/२०० |
| २ | खयर १० रुख सम्म | २००/२५० | २००/२५० |
| ३ | १० रुख भन्दा माथी थप | ३००/३५० | ३००/३५० |
| ४ | कु काठ १० रुख सम्म | १००/१५० | १००/१५० |
| ५ | १० काठ भन्दा माथि थप | १५०/२०० | १५०/२०० |
| ६ | सालको काठ १० रुख सम्म | २५०/३०० | २५०/३०० |
| ७ | १० रुख भन्दा माथि प्रति रुख थप | ३२५/३५० | ३२५/३५० |
| ८ | श्रीखण्ड प्रतिरुख | ५००/५५० | ५००/५५० |
| ९ | बास प्रतिगोटा | ५/१० | ५/१० |
| १० | दाउरा प्रति क्वीन्टल | ५०/१५० | ५०/१५० |
| **एक्साभेटर तथा जेसिवि नगरपालिकामा सूचिकृत सेवा शुल्क एक आर्थिक बर्षको लागि** | | | |
| १ | १०० सि सि भन्दा माथिको क्षमता भएको एक्साभेटर | ५०००/- | ५०००/- |
| २ | २०० सि सि भन्दा माथिको क्षमता भएको एक्साभेटर | ७०००/- | ७०००/- |
| ३ | ३०० सि सि भन्दा माथिको क्षमता भएको एक्साभेटर | १००००/- | १००००/- |
| ४ | जेसिवि | ३०००/- | ३०००/- |
| ५ | Roller ग्रेडर | ३०००/- | ३०००/- |
| **अन्य कार्यालय कामकाजको लागि सूचिकृत** | | | |

| क्र स | विवरण | शुल्क तथा दस्तुरको दर आ.व २०८२/०८३ | शुल्क तथा दस्तुरको प्रस्तावित दर आ.व २०८३/०८४ |
|---|---|---|---|
| १ | मसलन्दको कारोवार गर्न | १०००/- | १०००/- |
| २ | फर्निचर तथा फिक्चर्स | १०००/- | १०००/- |
| ३ | सवारी साधन मर्मत | १०००/- | १०००/- |
| ४ | मर्मत संग सम्बन्धित अन्य कार्यहरु | १०००/- | १०००/- |
| | **अमिन सेवा तर्फ** | | |
| १ | वडा नं.१. | ३०००/- | ३०००/- |
| २ | वडा नं.२. | २५००/- | २५००/- |
| ३ | वडा नं.३. | २०००/- | २०००/- |
| ४ | वडा नं.४. | १८००/- | १८००/- |
| ५ | वडा नं.५. | ३०००/- | ३०००/- |
| ६ | वडा नं.६. | २५००/- | २५००/- |
| ७ | वडा नं.७. | २०००/- | २०००/- |
| ८ | वडा नं.८. | २५००/- | २५००/- |
| ९ | वडा नं.९. | ३०००/- | ३०००/- |

घर नक्सा दस्तुर

| क्र.स. | भौतिक संरचनाको विवरण | करको दर (प्रति वर्ग फिट) रु. | | | |
|---|---|---|---|---|---|
| | | नक्शा पास क्षेत्र | | | |
| | | क | ख | ग | घ |
| १. | आर. सि. सी. फ्रेम स्ट«क्चर | | | | |
| १.१ | भूमिगत तल्ला | २.७५/- | २.५०/- | २.२५/- | ०.५०/- |
| १.२ | जमिन तल्ला | ३.२५/- | ३/- | २.७५/- | |
| १.३ | पहिलो तल्ला | ३.७५/- | ३.७५/- | ३.२५/- | |
| १.४ | दोस्रो तल्ला | ४.२५/- | ४/- | ३.७५/- | |
| १.५ | तेस्रो तल्ला | ४.७५/- | ४.७५/- | ४.२५/- | |
| १.६ | चौथो तल्ला | ५.२५/- | ५/- | ४.७५/- | |
| १.७ | पाचौ तल्ला सो भन्दा माथी | ८/- | ७/- | ६/- | |
| २. | सिमेन्टको जोडाईमा इट्टा ढुंगाको गारो, आर.सि.सि. टायल | २.५/- | २/- | १.५/- | |
| ३. | सिमेन्टको जोडाइमा इट्टा वा ढुंगाको गारो, आर.सि.सि., जस्ता पाताको छाँना | २/- | १.५/- | १/- | |
| ४. | माटाको जोडाईमा इट्टा वा ढुंगाको गारो | १.५/- | १/- | ०.५०/- | |
| ५. | अन्य घर (माटाको जोडाई इट्टा वा ढुंगाको गारो | १/- | ०.५०/- | ०.२५/- | |
| ६. | नक्सापास सेवा शुल्क दस्तुर | नक्सापास दस्तुरको १० प्रतिशत शुल्क | | | |

## FIELD & LABORATORY TEST RATE

| S.N. | Name of the Test | Rate आ.व २०८२/०८३ को (NRs.)/ Unit | Rate प्रस्तावित दर (NRs.)/ Unit |
|---|---|---|---|
| A | Aggregate/Soil | | |
| 1 | Aggregate Crushing Value Test | 600 per set | 600 per set |
| 2 | Aggregate Impact Value Test | 500 per set | 500 per set |
| 3 | Flakiness Index | 500 per set | 500 per set |
| 4 | Field Density Test | 3000 per set | 3000 per set |
| 5 | Organic Impurities of Fine Aggregate | 500 per set | 500 per set |
| 6 | Proctor Compaction (Modified) | 3000 per set | 3000 per set |
| 7 | Sieve Analysis | 1000 per set | 1000 per set |
| 8 | Sampling from Surface Base Sub-base & Sub-grade | 1000 per set | 1000 per set |
| B | Cement & Concrete | | |
| 1 | Compressive Strength of Concrete Cube/ Mortar | 150 per piece | 150 per piece |
| 2 | Mortar Cubes Test (70.7mmX70.7mm) | 400 per piece | 400 per piece |
| 3 | Slump Test | 300 per piece | 300 per piece |
| C | Bricks | | |
| 1 | Compressive Strength Test (5 nos.) | 1100 Per Set | 1100 Per Set |
| 2 | Absorption Test, 24 Hrs in Water (5 nos.) | 1000 Per Set | 1000 Per Set |
| 3 | Measurement of Brick (5 nos.) | 400 Per Set | 400 Per Set |
| D | Core Cutting | | |
| 1 | Core Cutting | 500 Per Sample | 500 Per Sample |
| E | Drinking Water | | |
| 1 | lab test | 200 Per Sample | 200 Per Sample |

**अनूसुची-१३**

दफा १४ को सँग सम्बन्धित)

**विक्री/निकासी कर**

| **क.स.** | **सामाग्रीहरु** | **इकाई** | **विक्री/निकासी दर रु.** | कैफियत |
|---|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, वालुवा, रोडा, ग्राभेल(नीजि खानी बाट नदिजन्य पदार्थ समेत) | प्रति घन फिट | प्रदेश सरकारबाट तोके बमोजिमको दर | (लोडिङ्ग प्रति क्यु फिट रु. १/-) |
| २ | माटो निकासी | प्रति घन मिटर | प्रदेश आर्थिक ऐन बमोजिम | (लोडिङ्ग प्रति क्यु फिट रु. १/-) |
| ३ | पत्थर/स्लेट (पालिका भित्र) | प्रतिपिस | रु.२/- | |
| ४ | पत्थर/स्लेट (पालिका बाहिर) | प्रतिपिस | रु.५/- | |
| ५ | वोलपत्र वा दरभाउपत्र फारम | प्रति फारम | सार्वजनिक खरिद ऐन/नियमावली अनुसार | |

**अनूसुची -१४**

दफा १५ सँग सम्बन्धित)

**सम्पती भाडा**

| **क्र.स.** | **सम्पती** | **भाडा दर रु. आ.व २०८२/०८३** | **प्रस्तावित भाडा दर रु. आ.व २०८२/०८४** |
|---|---|---|---|
| १ | सभा हल (प्रति दिन) | १५००/- | १५००/- |
| २ | Total Station (प्रति दिन) | २५००/- | २५००/- |
| ३ | Lebal Machine (प्रति दिन) | १५००/- | १५००/- |
| ४ | स्टाफ रड ५ मिटर (प्रति दिन) | ५००/- | ५००/- |
| ५ | टिप्पर (प्रतिदिन) | १००००/- | १००००/- |
| ६ | एम्बुलेन्स सेवा अन्तर गत राकमकर्णाली देखि सुर्खेत | ७०००/- | ७०००/- |
| ७ | एम्बुलेन्स सेवा अन्तरगत राकमकर्णाली देखि नेपालगंज | १००००/- | १००००/- |
| ८ | एम्बुलेन्स सेवा अन्तर गत राकमकर्णाली देखि दैलेख बजार | ५५००/- | ५५००/- |
| ९ | एम्बुलेन्स सेवा अन्तर गत राकमकर्णाली देखि दुल्लु | ४०००/- | ४०००/- |
| १० | एम्बुलेन्स सेवा अन्तर गत राकमकर्णाली देखि पादुकाखोला | ३०००/- | ३०००/- |
| ११ | एम्बुलेन्स सेवा अन्तर गत राकमकर्णाली देखि मैगलसैन | ४०००/- | ४०००/- |
| १२ | एम्बुलेन्स सेवा अन्तर गत राकमकर्णाली देखि बयालपाटा | ५५००/- | ५५००/- |
| १३ | एम्बुलेन्स सेवा अन्तर गत सात्तला स्वास्थ चौकी देखि सुर्खेत | ६५००/- | ६५००/- |
| १४ | एम्बुलेन्स सेवा अन्तर गत सात्तला स्वास्थ चौकी देखि नेपालगंज | ९५००/- | ९५००/- |
| १५ | एम्बुलेन्स सेवा अन्तर गत सात्तला स्वास्थ चौकी देखि दैलेख बजार | ४५००/- | ४५००/- |
| १६ | एम्बुलेन्स सेवा अन्तर गत सात्तला स्वास्थ चौकी देखि पादुका खोला | २५००/- | २५००/- |
| १७ | राकमर्णाली देखि भरतपुर चितवन सम्म | २००००/- | २००००/- |
| १८ | राकमर्णाली देखि काठमाडौं सम्म | २५०००/- | २५०००/- |
| १९ | एम्बुलेन्स सेवा अन्तर गत नगर उप प्रमुख सुत्केरी कार्यक्रममा नगरपालिका भित्रका वडाहरूको भाडादर | निशुल्क | निशुल्क |
| २० | सात्तला देखि मंगलसैन सम्म | ५५००/- | ५५००/- |

## अनूसुची-१५

दफा १७ सँग सम्बन्धित)

**दण्ड जरिवानाको दर**

| क्र.स. | कसूर | दण्ड जरिवाना रु |
|---|---|---|
| १. | प्रत्येक आ.व.को भूमिकर (मालपोत) असार मसान्त सम्म नबुझाएमा/दाखिला नगरेमा | प्रत्येक वर्षको लागि १० प्रतिशत थप जरीवाना लाग्नेछ। |
| २. | प्रत्येक आ.व. को व्यवसाय कर, सवारी साधन कर, वहाल विटौरी कर पौष मसान्त भित्र नबुझाएमा/दाखिला नगरेमा तिर्नुपर्ने रकमको | पहिलो वर्षको लागि १०/-प्रतिशत र प्रत्येक आ.व. को लागि थप २०/- प्रतिशतका दरले जरिवाना लाग्ने। |
| ३. | ढुङ्गा, गिट्टी, वालुवा उत्खनन तथा बिक्रीको अनुमति प्राप्त गर्ने व्यवसायी वा संस्थाले सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन् गरेमा वा अनुमति बेगर उत्खनन वा बिक्री गरेमा | उत्खनन/निकासी गरेको परिमाण जफत गरी प्रथम पटक टेक्टरलाई रु. १०,०००/- दोश्रो पटक रु. २००००/- र प्रथम पटक टिप्परको रु. २०,०००/- दोश्रो पटक रु. ४०,०००/-जरिवाना गरिनेछ ।<br>डोजर (जे.सी.भि) प्रयोगमा पहिलो पटक रु. ५००००/- दोश्रो पटक देखि रु.७५०००/-<br>एक्साभेटर प्रयोगमा पहिलो पटक रु.७५०००/- दोश्रो पटक देखि रु.१०००००/- (जिल्ला समन्वय समितिले जरिवाना तोकेको हकमा सोही बमोजिम हुने ) |
| ४. | नक्सा पास नगरी घर/भवन निर्माण कार्य गरेमा | ५००/- (पाँच सय रुपैंया) जरिवाना |
| ५. | जथाभावी फोहोर मैला निष्काशन गरेमा | पहिलो पटक रु. १,०००/- त्यसपछि हरेक पटक दोब्बर गरि बढिमा २,०००/- सम्म |
| ६. | नगरपालिकामा दर्ता वा इजाजत नलिई नयाँ व्यवसाय संचालन गरेमा | रु. १,०००/- देखि रु.५,०००/- सम्म जरिवाना । |
| ७ | नगरपालिकाले निषेध गरेका क्रियाकलाप संचालन गरेमा | नगर कार्यपालिकाले निणर्य गरे बमेजिम रु. ५०००/- देखि १,००,०००/- सम्म (पटकेको हकमा दोब्बर) |

आज्ञाले
विनोद कुमार माझी
प्रमुख प्रशासकीय अधिकृत